# द्विपक्षीय आदानप्रदानहरू



## नेपालका परराष्ट्र मन्त्री श्री शिशिर खनाल र विदेश मन्त्री डा. एस. जयशंकरबीच भेटवार्ता

नेपालका माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनालले मोरिससको पोर्ट लुइसमा ९ औँ हिन्द महासागर सम्मेलनको साइडलाइनमा भारतका माननीय विदेश मन्त्री डा. एस. जयशंकरसँग भेटवार्ता गर्नुभयो ।

थप पढ्नुहोस्



## नेपाल भारत मैत्री विद्यालयका २९ जना विद्यार्थी र पाँच जना कर्मचारीहरूको भारत भ्रमण

पोखरास्थित नेपाल भारत मैत्री विद्यालयका २९ जना विद्यार्थी र पाँच जना कर्मचारीको एक टोलीले गोरखपुर, वाराणसी, प्रयागराज, अयोध्या र लखनऊको १२ दिने शैक्षिक भ्रमण गर्‍यो ।

थप पढ्नुहोस्



## एक हप्ता लामो परिचयात्मक भ्रमण हेतु नेपालका २० जना पत्रकारहरूको भारत भ्रमण

नेपालका २० जना पत्रकारहरूको एक प्रतिनिधिमण्डलले एक हप्ता लामो परिचयात्मक भ्रमण हेतु भारतको भ्रमण गर्‍यो । भ्रमणका दौरान उक्त टोलीले अन्य भेटघाटहरूसँगै भारतका माननीय संसदीय कार्य मन्त्री श्री किरेन रिजिजू र विदेश सचिव श्री विक्रम मिस्रीसँग भेटवार्ता गर्‍यो ।

थप पढ्नुहोस्

**भारतीय राजदूतावास**
**काठमाडौं**

सत्यमेव जयते

**समाचार पत्र**
**अप्रिल २०२६**

# विकास साझेदारी




## नेपालका ७ वटा जिल्लाहरूमा ७ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरूको कार्यान्वयनका लागि समझदारी पत्रमा हस्ताक्षर

नेपालस्थित भारतीय राजदूतावास, नेपालको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, र नेपाल सरकारका परियोजना कार्यान्वयन निकायहरूबीच नेपालका ६ वटा प्रदेशका ७ वटा जिल्लाहरूमा सातवटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरूको कार्यान्वयनका लागि समझदारी पत्रहरूमा हस्ताक्षर सम्पन्न भयो । यी परियोजनाहरू भारत सरकारको अनुदान सहयोग अन्तर्गत कुल अनुमानित नेरू. ४७.३ करोड लागतमा शिक्षा, स्वास्थ्य र कृषि जस्ता क्षेत्रहरूमा निर्माण हुनेछन् ।

थप पढ्नुहोस्



## गण्डकी प्रदेशको बागलुङमा भिमगिठे स्वास्थ्य चौकी भवन निर्माणका लागि शिलान्यास

नेपालको गण्डकी प्रदेशको बागलुङ जिल्लाको बडिगाड गाउँपालिका-७ मा भिमगिठे स्वास्थ्य चौकी भवन निर्माणका लागि भारत र नेपालका प्रतिनिधिहरूद्वारा शिलान्यास गरियो । उक्त स्वास्थ्य चौकी भारत सरकारको आर्थिक सहयोग करिब नेरू. २.५ करोडमा निर्माण भइरहेको छ ।

थप पढ्नुहोस्




## कोशी प्रदेशको झापा जिल्लामा श्री जनता माध्यमिक विद्यालयको भवन निर्माणका लागि शिलान्यास

नेपालको कोशी प्रदेशको झापा जिल्लाको गौरादह नगरपालिका-१ मा श्री जनता माध्यमिक विद्यालयको भवन निर्माणका लागि कोशी प्रदेशका माननीय मुख्यमन्त्री श्री हिक्मत कुमार कार्की, भारतीय राजदूतावासका काउन्सलर श्री गीतांजलि ब्रैंडन र गौरादह नगरपालिकाका मेयर श्री छत्रपति सुबेदीले संयुक्त रूपमा शिलान्यास गर्नुभयो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोग करिब नेरू. ५.८ करोडमा निर्माण भइरहेको छ ।

थप पढ्नुहोस्




## कोशी प्रदेशको इलाम जिल्लामा इलाम अस्पताल आकस्मिक भवन (इमरजेन्सी ब्लक) को निर्माणका लागि शिलान्यास

नेपालको कोशी प्रदेशको इलाम जिल्लाको इलाम नगरपालिका-७ मा इलाम अस्पताल आकस्मिक भवन (इमरजेन्सी ब्लक) को निर्माणका लागि मिति २०८३ वैशाख ११ गते भारत र नेपालका प्रतिनिधिहरूद्वारा संयुक्त रूपमा शिलान्यास गरियो । उक्त इलाम अस्पताल आकस्मिक भवन भारत सरकारको आर्थिक सहयोग करिब नेरू ९.४ करोडमा निर्माण भइरहेको छ ।

थप पढ्नुहोस्



## सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाको रिठाचौपतामा श्री लटिनाथ माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन

दार्चुला जिल्लाको लेकम गाउँपालिकाको रिठाचौपतास्थित श्री लटिनाथ माध्यमिक विद्यालयको विद्यालय भवनको मिति २०८३ वैशाख १४ गते भारत र नेपालका प्रतिनिधिहरूद्वारा संयुक्त रूपमा उद्घाटन गरियो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको हो ।

थप पढ्नुहोस्



## नेपालका सिन्धुली र रामेछाप जिल्लालाई जोड्ने सुनकोशी नदीमा निर्माण गरिएको ७० मिटर लामो मोड्युलर पुल

नेपालका सिन्धुली र रामेछाप जिल्लालाई जोड्ने सुनकोशी नदीमा निर्माण गरिएको ७० मिटर लामो मोड्युलर पुलको मिति २०८३ वैशाख १७ गते नेपालथोकमा भारत र नेपालका प्रतिनिधिहरूद्वारा संयुक्त रूपमा उद्घाटन गरियो । नेरू ७३ करोड भन्दा बढी लागतका दशवटा बेली ब्रिजहरू र तिनको जडानका लागि आवश्यक प्राविधिक सहयोग भारत सरकारले नेपाल सरकारलाई अनुदानको आधारमा उपलब्ध गराइरहेको छ ।

थप पढ्नुहोस्

# साँस्कृतिक र जनता-जनताबीचको संलग्नता




## भारतीय राजदूतावासद्वारा नेपालमा वसन्त उत्सवको आयोजना

वसन्त ऋतुको आगमनको उत्सव मनाउन नेपालस्थित भारतीय राजदूतावासले वसन्त उत्सव आयोजना गऱ्यो । उक्त साँस्कृतिक साँझमा चर्चित नेपाली गायक रामकृष्ण ढकालका साथै स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रका संगीत शिक्षकहरू र नेपाली संगीतकारहरूको जीवन्त प्रस्तुति रहेको थियो । कार्यक्रममा माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, नेपालका संघीय संसदका सदस्यहरू, कूटनीतिक निकायका सदस्यहरू तथा अन्य विशिष्ट अतिथिहरूको सहभागिता रहेको थियो ।

थप पढ्नुहोस्




## भारतीय साँस्कृतिक सम्बन्ध परिषद्को ७७ औं स्थापना दिवसको उत्सव

राजदूतावासले भारतीय साँस्कृतिक सम्बन्ध परिषद्को ७७औं स्थापना दिवस मनायो । उक्त साँझको मुख्य आकर्षण स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रका संगीत शिक्षक तथा विद्यार्थीहरूका साथै आइसीसीआरका भूतपूर्व छात्र एवम् कलाकार रिदम कँडेलको नेतृत्वमा रहेको एक नेपाली ब्यान्डको मनमोहक साँस्कृतिक प्रस्तुति रहेको थियो । कार्यक्रममा नेपालका माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री खडक राज पौडेल मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

थप पढ्नुहोस्




## कला संवाद: स्व.आशा भोसलेप्रति एक सम्मान

आफ्नो मासिक साँस्कृतिक श्रृंखला 'कला संवाद' को एक हिस्साको रूपमा स्वामी विवेकानन्द साँस्कृतिक केन्द्र (एसभीसीसी) ले स्व. आशा भोसलेजीको विरासत र भारतीय तथा नेपाली संगीतमा वहाँले पुऱ्याउनु भएको योगदानको सम्मानमा एक विशेष सांगीतिक साँझको आयोजना गऱ्यो । उक्त कार्यक्रममा नेपाली ब्यान्ड सुर सुधा र एसभीसीसीका संगीत शिक्षकहरूद्वारा आशाजीका गीतहरूको प्रस्तुति दिइएको थियो ।

थप पढ्नुहोस्




## लुम्बिनीमा बुद्ध जयन्तीको उत्सव

राजदूतावासले लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा लुम्बिनीमा बुद्ध जयन्ती मनायो । उक्त कार्यक्रममा नेपालका विद्यालयका विद्यार्थीहरूद्वारा गरिएको चित्रकला प्रदर्शनी, भारत र नेपालका भिक्षुहरूद्वारा गरिएको मन्त्रोच्चारण सहितको प्रार्थना र एक साँस्कृतिक साँझको आयोजना गरिएको थियो । कार्यक्रममा लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख श्री कृष्णबहादुर घर्तीमगर प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । लुम्बिनी बौद्ध विश्वविद्यालयमा 'रेलिभेन्स अफ बुद्धज टिचिंग्सः पाथवेज टु पिस, हार्मोनी एण्ड सस्टेनेबल डेभलपमेन्ट' विषयक एक प्राज्ञिक गोष्ठी पनि आयोजना गरिएको थियो ।

थप पढ्नुहोस्

# भारतमा भएका विकासहरू



## तमिलनाडुको कलपक्कममा प्रोटोटाइप फास्ट ब्रीडर रियाक्टर पहिलो पटक सफल सञ्चालनको अवस्थामा पुग्यो

भारतको आणविक ऊर्जा कार्यक्रममा एउटा महत्वपूर्ण उपलब्धिको रूपमा मिति २०८२ चैत्र २३ गते ५०० मेगावाट विद्युतीय क्षमताको प्रोटोटाइप फास्ट ब्रीडर रियाक्टर पहिलो पटक सफल सञ्चालनको अवस्था (कन्ट्रोल्ड फिसन चेन रियाक्सनको सुरूवात) मा पुगेको छ । यो सफलता दीर्घकालीन ऊर्जा सुरक्षा सुनिश्चित गर्ने र स्वदेशी आणविक प्रविधिको क्षमतालाई अझ अघि बढाउने दिशामा एउटा ऐतिहासिक कदम हो ।

थप पढ्नुहोस्




## भारत-न्युजिल्यान्डबीच स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर

भारतले मिति २०८३ वैशाख १४ गते न्युजिल्यान्डसँग स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गर्‍यो। भारतले विगत ६ वर्षमा ३८ वटा विकसित देशहरूलाई समेट्दै ९ वटा स्वतन्त्र व्यापार सम्झौताहरूमा हस्ताक्षर गरिसकेको छ ।

थप पढ्नुहोस्

हामीलाई फलो गर्नुहोस्

INDIA PERSPECTIVES